ब्याँस गाउँपालिका गाउँ सभाको २० औं अधिवेशन बैठकमा

२०८३ साल असार १० गते बुधबार

अध्यक्ष श्री मंगल सिंह धामी ज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३।०८४ को

# नीति तथा कार्यक्रम

ब्याँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुन्सेरा, दार्चुला

गाउँ सभाका सदस्यज्यूहरु,

यस ब्याँसगाउँपालिकाको गाउँसभाको २० औं अधिवेशनमा गाउँपालिकाको तर्फबाट आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरबान्वित महसुस गरेको छु। सर्वप्रथम यस गौरवपूर्ण अबसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिबर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवंम् ज्ञात अज्ञात शहिद, बेपत्ता, घाइते र असहाय नागरिकहरुलाई उच्च सम्मानका साथ शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। जनताको प्रतिस्प्रर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिबर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै अन्तरमन देखि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

संविधानतः गठित स्थानीय सरकारले दोस्रो कार्यकालको चौथो बर्ष व्यतित गरिरहँदा नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिको दायरा भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनूरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न ब्याँस गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेको छ । जनआकांक्षा पूरा गर्ने हाम्रो सङ्कल्पः दिगो विकास र सुशासन मात्र विकल्प भन्ने मूल मन्त्रलाई सिद्ध गर्न हामी प्रतिबद्ध छौं । आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई सम्वोधन गर्दै उनीहरुको बृहत्तर हित र कल्याणमार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, नागरिकका आवश्यकता र समस्याहरुको सम्बोधन गर्नु, स्थानीय नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुगाउनु, स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्दै रोजगारी सिर्जना गर्नु र आम नागरिकको जिविकोपार्जनमा सुधार ल्याउनु स्थानीय सरकारको शासकीय जिम्मेवारी रहेको छ। उक्त शासकीय जिम्मेवारीलाई गहन ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिहरुले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेशसरकारसंगको समन्वय, सहयोग, साँझेदारी र सहकार्यमा उपलब्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रमा राखेर काम गरिरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम ब्याँस वासि नागरिक लाई अवगत गराउन चाहान्छु। यस बीचमा आर्थिक सामाजिक विकासको क्षेत्रमा विभिन्न प्रयासहरु भएको भए तापनि स्थानीय सरकारको कमजोर सांगठनिक सक्षमता, वित्तीय श्रोतको न्यून उपलब्धता, अधिक जनआकांक्षा लगायतका कारणले अपेक्षित उपलब्धि हासिल गर्न चुनौती रहेको छ ।

सभा सदस्यज्यूहरु,

नेपालको संविधान, सोह्रौं योजना, दिगो विकासको लक्ष्यहरु, सुदुरपश्चिम प्रदेशको आवधिक योजना, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, ब्यौस गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णयहरु, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त राय सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा राखी तयार पारिएको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक विकास क्षेत्रमा लिइएका नीतिहरु**

**क. कृषि र पशु क्षेत्रको विकास**

- भौगोलिक विकटता, हिमाली परिवेश तथा स्थानीय स्रोत–साधनलाई आधार मानी ब्यास गाउँपालिकालाई जैविक, रैथाने तथा उच्च मूल्यका कृषि उत्पादनको क्षेत्रका रूपमा विकास गरिनेछ। कृषि उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणलाई एकीकृत गर्दै किसानको आयवृद्धि र रोजगारी सिर्जनामा जोड दिइनेछ ।
- कृषिलाई निर्वाहमुखीबाट व्यवसायमुखी बनाउन किसान समूह, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।
- स्थानीय जातका गहुँ, फापर, जौ, आलु, कोदो, सिमी तथा अन्य रैथाने बालीको संरक्षण, उत्पादन र बजारीकरणमा जोड दिइनेछ।
- रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गरी प्राङ्गारिक खेतीलाई (अर्गानिक) प्रोत्साहन गरिनेछ।
- कृषि सडक, संकलन केन्द्र, भण्डारण गृह तथा चिस्यान केन्द्र निर्माणमा प्राथमिकता दिइनेछ।
- भूगोल अनुकूल साना कृषि औजार तथा उपकरणमा कृषक तथा कृषक समूहहरुलाई अनुदान उपलब्ध गराइनेछ।
- कृषि उद्यममा युवा तथा महिलाको सहभागिता बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- यार्सागुम्बा क्षेत्र व्यवस्थापन, जडीबुटी खेती, मसला बाली तथा अन्य उच्च मूल्यका नगदे बाली उत्पादनलाई प्रोत्साहन गरिनेछ।
- स्थानीय कृषि उपजको ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरणका लागि आवश्यक सहजीकरण गरिनेछ।
  - गाउँपालिका भित्र निःशुल्क तथा सहुलियत दरमा पशु स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

- पशुपन्छीमा लाग्ने संक्रामक रोगको रोकथामका लागि नियमित खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- आकस्मित रोग प्रकोप नियन्त्रणका लागि आवश्यक औषधि तथा प्राविधिक सेवा व्यवस्था गरिनेछ।
- उन्नत जातको विस्तार आय आर्जनको आधार भनेझै गाई भैसीको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा विस्तार गरी पशुपालनलाई प्रोत्साहन गरिनेछ ।
- सफा गोठ स्वस्थ पशु सुखी किसान भन्ने अभिप्रायलाई सिद्ध गर्ने उद्देश्यले व्यवस्थित सुरक्षित तथा वातावरणमैत्री खोर/गोठ निर्माण तथा सुधारमा सहयोग गरिनेछ।
- बिमा गरौं पशुधन, सुरक्षित बनाऔं जीवन भन्ने मूल नारालाई आत्मसाथ गर्दै पशुपन्छी बीमा कार्यक्रममा किसानको पहुँच विस्तार गरिनेछ ।
- प्राकृतिक विपत्ति, महामारी तथा जंगली जनावरको आक्रमणबाट भएको क्षतिको राहत वितरणका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- रोगको निगरानी तथा समयमै उपचारको व्यवस्था गरिनेछ ।
- उत्पादनमा आधारित अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

**ख. उद्योग, बाणिज्य तथा सहकारी क्षेत्र**

- **"सिप श्रम र उद्यमको सम्मान आत्म निर्भर ब्यौंस हाम्रो अभियान"** भन्ने मुल मन्त्रलाई साकार पार्न स्थानीय स्रोत साधन र सिपमा आधारित लघु उद्योगको स्थापना र विस्तारलाई प्रोत्साहन गरिनेछ ।
- युवाहरु महिला र तथा बेरोजगार नागरिकलाई मागमा आधारित सिप मुलक तालिम प्रदान गरिनेछ ।
- विपन्न तथा लक्षित वर्गका नागरिकलाई आय आर्जन मुखी उद्यममा आवद्ध गरिनेछ ।

**सामाजिक विकास क्षेत्र**

क. शिक्षा क्षेत्र

- **"ब्यौंस सरकारको इच्छा निः शुल्क र गुणस्तरीय शिक्षा"** भन्ने मर्मलाई आत्मसाथ गर्दै नेपालको संविधान २०७२ ले परिकल्पना गरेको आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक शिक्षालाई पूर्ण रुपमा निः शुल्क कार्यलाई निरन्तरता दिइनेछ ।
- **"सूचना प्रविधिमा शिक्षाको लगानी उज्ज्वल भविष्यको तयारी"** भनेझैं हरेक विद्यालयहरुलाई डिजिटल बनाउन लागि प्रत्येक आ वि हरुलाई सुचना प्रविधिमा जोडिनेछ ।

- ब्याँस गाउँपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको शैक्षिक वृति विकासका लागि शिक्षक पेशागत विकास (TPD)तालिम सञ्चालनका लागि शिक्षा तालिम केन्द्र दिपायल डोटीको समन्वयमा ब्याँस गाउँपालिका मै TPD तालिम सञ्चालन गरी क्रमशः सम्पूर्ण शिक्षकहरुलाई शिक्षक पेशागत विकासमा दक्ष बनाइनेछ ।
- शैक्षिक प्रणालीमा रुपान्तरण ल्याउन अतिरिक्त क्रियाकलाप व्यवस्थापन विद्यालय अभिभावक विचको सञ्चार व्यवस्थापन तथा विषयगत शिक्षकहरुलाई तालिम कार्यशाला गोष्ठी शैक्षिक प्रदर्शनी जस्ता कार्यक्रमहरुमा सहभागी गराइ नतिजा सुधार गरिनेछ । त्यसैगरी शिक्षक तथा विद्यार्थीहरुलाई सिक्ने सिकाउने कार्यमा दत्तचित्त गराउन विभिन्न खाले उत्प्रेरणा मूलक कक्षाहरुमा सहभागी गराइनेछ ।
- गाउँ फर्क अभियान सञ्चालन गरी ब्याँस गाउँपालिकाका स्थायी बासिन्दा भई पालिका बाहिर रहेका विद्यार्थीहरुलाई ब्याँस गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा भर्ना गराउने व्यक्ति तथा विद्यार्थीहरुलाई उचित प्रोत्साहनको व्यवस्थापन गरिनेछ ।
- ब्याँस गाउँपालिकाबाट ६० वर्षे उमेरहदका कारण अनिवार्य अवकासमा जानुहुने सामुदायिक विद्यालयहरुमा कार्यरत बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुका लागि सम्मान जनक विदाईका साथै त्यस्ता कर्मचारीहरु तथा राहत शिक्षकहरुलाई सामाजिक सुरक्षा कोषमा जोडिनेछ ।
- सडकबाट पहुँच नभएका विद्यालयहरुमा विद्यार्थी संङ्ख्या वृद्धि गर्न आवाशीय विद्यालयहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- ब्याँस गाउँपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात मिलान गरी भौगोलिक दुरी तथा विद्यार्थी सङख्याको आधारमा विद्यालय मर्ज तथा समायोजन गरी BIG School को अवधारणा कार्यान्वयन गरी लगानी गरिनेछ ।
- हप्ताको दुई दिन विदासंगै विद्यालय समय भन्दा बाहेक विद्यार्थीहरु विद्यालय बाहिर रहने भएकाले उक्त समयमा विद्यार्थीहरुलाई पठनपाठनमा सक्रिय गराउनका लागि सेवा क्षेत्र रहेको विद्यालयसंग समन्वय गरी टोल शिक्षा कार्यक्रम सञ्चालन गर्ने आवश्यक निति लिइनेछ ।
- सामाजिक आर्थिक तथा राजनैतिक क्षेत्रमा युवाहरुको सहभागीता बढाउदै खेलक्षेत्रको विकासका लागि खेल प्रशिक्षक तथा खेलकुद प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ ।
- खेलकुद क्षेत्रको विकासका लागि खेल पूर्वाधार निर्माण गर्न आवश्यक सहकार्य समन्वय तथा अनुगमन गरी चालु आ व मा नै पालिका स्तरीय खेल मैदानको आधार तयार गरिनेछ।
- श्रम ऐन २०७४ ले व्यवस्था गरे बमोजिम सामुदायिक विद्यालयमा कार्यरत बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुका लागि न्यूनतम तलबको व्यवस्थापन गरिनेछ ।

### ख. स्वास्थ्य क्षेत्र

- पालिकाभित्रका स्वास्थ्यसंस्थाहरुबाट तोकिए बमोजिम नि:शुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुसार प्रवर्द्धनात्मक ,प्रतिकारात्मक , उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाको विकास तथा विस्तार गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच तथा स्वास्थ्य सेवा सुधारका लागि सम्पुर्ण स्वास्थ्य सस्थांहरुमा "स्मार्टहेल्थकार्यक्रम" (Tele-medicine Program) लागु गरिनेछ।
- पालिका भित्र रहेका जेष्ठ नागरिक लक्षित चौमासिक घुम्ति स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- पालिका अन्तर्गत समुदायस्तरमा लुकिछिपि रहेका रोगहरु पहिचान तथा उपचारको दायरामा ल्याउन एकिकृत विशेषज्ञ चिकित्सकिय स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ ,प्रभावकारी तथा गुणस्तरीय बनाउन सीप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई थप व्यवस्थित गरिनेछ।
- सर्ने तथा नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति ,परिवार ,समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ।
- स्थानीय स्तरमा उपलब्ध खाद्य वस्तुलाई जोड दिँदै पोषण अवस्थामा सुधारका साथै मिसावट युक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्य बर्द्धक खाद्य पदार्थको प्रबर्द्धन ,उत्पादन ,प्रयोग र पहुँचलाई विस्तार गरिनेछ।
- आयुर्वेद ,प्राकृतिक चिकित्सा ,योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ।
- आधारभुत स्वास्थ्य सेवा तथा आकस्मिक सेवाको पहुचँ बढाउन तथा प्रभावकारी बनाउन स्वास्थ्य सस्थांहरु तथा वर्थिङ सेन्टरहरुलाई थप सुदृढ गरिनेछ।
- स्वास्थ्य संस्थाको सिफारिसमा ६० वर्ष माथिका जेष्ठ नागरिक, क वर्गका अपाङ्ग, गर्भवती तथा १५ दिने सुत्केरी महिला र शव बहान यात्रा, विपदजन्य घटनामा परेका व्यक्तिहरुका लागि शत प्रतिशत निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।
- पुर्ण खोप दिगोपना तथा सुनिश्चितता गर्न विगतका क्रियाकलापहरुलाई निरन्तरता दिइ पुर्ण खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

ग. लैङ्गिक समानता र समावेशिकरण

- यस पालिकाभित्र निर्माण हुने सार्वजनिक संरचनाहरुलाई अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री तथा ज्येष्ठ नागरिकमैत्री बनाउने नीतिलाई अवलम्बन गरिनेछ।
- निर्णय प्रकियामा महिला तथा बालबालिकाको अर्थपूर्ण सहभागीता सुनिश्चित गरिनेछ ।
- बालविवाह, बालश्रम शोषण तथा बाल यौन दुर्व्यवहार सम्बन्धि सचेतनामुलक कार्यक्रम गरि बालविवाह बालश्रम शोषण तथा यौन दुर्व्यवहारमा न्युनिकरण हुनेछ ।
- ज्येष्ठ नागरिक र पछिल्लो पुस्ताको अनुभव आदान प्रदान गर्न अन्तराष्ट्रिय दिवसको अवसरमा जेष्ठनागरिकहरु संग वुढापाखाका अर्ति सुनौ कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाहरुको नेतृत्व क्षमता विकासका लागि उद्घोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको योजना तथा कार्यक्रमहरुमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली अपलम्बन गरिनेछ ।
- विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी महिला, वालवालिका तथा जेष्ठ नागरिकहरुको क्षेत्रका कार्यक्रम प्रभावकारी बनाइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, सामाजिक विभेद, शोषण लगायत सामाजिक विकृति, विसंगति, कुरीति र कुसंस्कारको अन्त्यका लागि टोल विकास संस्था, महिला विकास समिति, आमा समूह मार्फत विविध महिला लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

घ. संस्कृति विकास

पूर्वाधार विकास क्षेत्र

- गाउँपालिका भित्रका कृषि सडकहरुलाई क्रमश स्तरोन्नती गर्दै बाह्रै महिना सञ्चालन योग्य बनाइनेछ ।
- दुर्गम बस्तीहरुलाई जोड्न आवश्यक स्थानहरुमा झोलुङ्गे पुल तथा साना पुलहरु निर्माण गरिनेछ ।
- क्रमागतरुपमा सञ्चालन भैरहेका योजनाहरुलाई सम्पन्न गर्न आवश्यक वजेटको व्यस्था गरिनेछ ।
- योजनाको लागत , गुणस्तर र समयसीमाको पालना सुनिश्चित गरिनुको साथै सहभागितामुलक योजना कार्यन्वयनमा जोड दिइनेछ।
- संघ, प्रदेश, विकास साझेदार संस्था संग सहकार्य गरी ठूला गौरवमा योजनाहरु सञ्चालन गर्ने निती अवलम्वन गरिनेछ ।
- विपदबाट जोखिमयुक्त बस्तीहरु सुरक्षीत स्थानमा स्थानान्तरण गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

- ब्यौंस गाउँपालिका भित्र रहेका हरियाली पार्क, खुला क्षेत्र, ताल तलैया, पोखरी लगायत पानीका स्रोतहरुको संरक्षण तथा दिगो उपयोग सम्बन्धि नीति अबलम्बन गरिनेछ.।
- स्थानिय विपद तथा जलवायु उत्थानशील योजना (LDCRP) निर्माण गरि जलवायु परिवर्तन अनुकलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धि नीति लिईनेछ।
- ब्यौंस गाउँपालिकाको बजार क्षेत्र र ग्रामीण बस्तीहरूको भौगोलिक अवस्थितिलाई ध्यानमा राख्दै फोहरमैला व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन व्यवस्थापनको नीति लिईनेछ।
- विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan - DPRP) निर्माण गरि यसको प्रभावकारी कार्यान्वयनको नीति अबलम्बन गरिनेछ,

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- गाउँपालिका जनप्रतिनिधि, कर्मचारी तथा वडा कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्न नियमित तालिम, अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सेवाग्राहीहरुलाई सरल, सहज र समयमै सेवा उपलब्ध गराउन नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन तथा सेवा मापदण्डको पालना गरिनेछ ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, प्रमाणिकरण, जग्गा नापी सम्बन्धी कार्य भूमि समस्या समाधान आयोग संगको सहकार्यमा जग्गा धनी प्रमाणपुर्जा उपलब्ध गराउन आवश्यक पहलकदमी गरिनेछ ।
- " "समान कामको समान ज्याला" लाई सुनिश्चित गर्दै कुनै पनि श्रमिकको श्रम शोषण हुन दिइने छैन। गाउँपालिकावासिहरुमा श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न गाउँभित्र "श्रमको सम्मान राष्ट्रको अभियान" लगायतका विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शिता र जवाफदेहि बनाउन विद्युतीय शासनको अवधारण कार्यान्वयन गर्न सूचना तथा सञ्चार प्रविधिको अनुसरण गर्दै लगिनेछ ।
- कानूनको अज्ञानता क्षम्य हुदैन भन्ने सिद्धान्तलाई मध्यनजर गर्दै ब्यौंस गाउँपालिकाका टोल वस्तीहरुमा कानुन सम्बन्धी जानकारी गराउन कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- कर्मचारी र जनप्रतिनिधीहरुले यस गाउँपालिकाको सेवा प्रवाहमा मुस्कान सहितको सेवा दिने नीति अवलम्वन गरिनेछ ।
- कर्मचारी र जनप्रतिनिधी जनताका सेवक हुन भन्ने अनुभूति हुने गरि सम्बन्धीत पक्षलाई कामप्रति उत्तरदायी बनाइनेछ ।
- करलाई सेवा प्रवाह संग जोडी कर असुल गर्न पहल गरिनेछ ।
- करको दर बढाउने भन्दा पनि नयाँ नयाँ करका क्षेत्रहरुको पहिचान गरी करको दायरालाई बढाउनै लगिनेछ ।

- बेरुजुलाई कम गर्दै क्रमशः शुन्य बेरुजुको निति अवलम्बन गरिनेछ । पुराना बेरुजुहरु असुल उपर र फर्स्यौटमा जोड दिइनेछ।
- सेवा प्रवाह सम्बन्धी गुनासो, सुझाव तथा उजुरीको सुनवाइका लागि प्रभावकारी गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिनेछ ।
- भ्रष्टाचार, अनियमितता तथा आर्थिक अनुशासनहिनता नियन्त्रण गर्न शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- दुर्गम तथा विकट बस्तीमा रहेका नागरिकहरुलाई सहज सेवा उपलब्ध गराउन घुम्ती सेवा, वडा स्तरीय शिविर तथा एकिकृत सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी, सरल तथा परिणाममुखी बनाउन नवीन सोच, सूचना प्रविधि तथा असल अभ्यासको अवलम्बन गरिनेछ ।
- आर्थिक, प्रशासनिक, तथा संस्थागत जोखिम न्यूनिकरण गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली लागु गरिनेछ ।
- समय मै घटना दर्ता, सहज सामाजिक सुरक्षा र डिजिटल सेवा हाम्रो प्रतिबद्धता" भन्ने मूलनारालाई आत्मसाथ गर्दै समय मै घटना दर्ता गर्ने दर सत प्रतिशत पुगाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
- सामाजिक सुरक्षा भत्ता प्रणाली र राष्ट्रिय परिचय पत्र प्रणाली बिच आवद्धता भएको बायोमेट्रिक डिभाइसको मद्दतले सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको बायोमेट्रिक भेरिफिकेशन गरि सामाजिक सुरक्षा भत्ता वितरणमा १०० प्रतिशत पारदर्शी तथा व्यवस्थित गरिनेछ ।
- स्थानीय सामाजिक सुरक्षा भत्ता वितरणलाई निरन्तरता दिदै स्थानीय सामाजिक सुरक्षा भत्तामा वृद्धि गरिनेछ ।
- स्वेछिक सामाजिक सुरक्षा भत्ता नलिने लाभग्राहीहरुलाई कार्यक्रम मार्फत सम्मान गरिनेछ
- गाउँपालिकाभित्र रहेका बेरोजगार व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गरी उनीहरूको रुचि, क्षमता र श्रम बजारको मागका आधारमा रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गरिनेछ।
- "राष्ट्रिय रोजगार कार्यक्रम" लाई संघीय सरकारको नीति अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। कार्यस्थलमा हुने सबै प्रकारका भेदभाव तथा हिंसाको अन्त्य गरिनुका साथै सम्भावित जोखिमहरुको न्यूनीकरणका लागि विभिन्न सुरक्षात्मक उपायहरु अवलम्बन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि आवश्यक सूचना, जानकारी तथा त्यस्ता व्यक्तिहरुको श्रम स्वीकृति र पूनः श्रम स्वीकर्तिका कार्यहरुलाई निरन्तरता दिँदै थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको ज्ञान, सीप र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- संघीय सरकार, प्रदेश सरकार, वैदेशिक रोजगारी बोर्ड लगायतका निकायहरुसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरुको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायको लागि आवश्यक सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सिप अभिवृद्धिका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु परिचालन गरी नागरिकको घरदैलोसम्म सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतना प्रवाह गरिनेछ।
- उत्कृष्ट उद्यमी तथा स्वरोजगार सिर्जना गर्ने व्यक्तिहरूलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम गरिनेछ।
- गाउँपालिकाभित्र रहेका महिला, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगार प्रभावित परिवार तथा मानसिक तनाव, हिंसा, दुर्व्यसन र सामाजिक समस्याबाट प्रभावित नागरिकहरूको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुदृढीकरणका लागि मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ।

अन्त्यमा यस गाउँपालिकाको प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने कुरामा विश्वास राख्दै नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउनु हुने सम्पूर्ण सभाका सदस्य ज्यूहरु विषयगत समितिका पदाधिकारीहरु बुद्दिजीवि, समावसेवी नागरिक समाज, राष्ट्रसेवक कर्मचारी लगायत सबैलाई हार्दिक धन्यवाद दिदै नीति तथा कार्यक्रमहरु अनुसार यस गाउँपालिकालाई खुसी र समृद्ध बनाउन सबैको साथ सहयोग समन्यव र सहकार्यको आशा र विश्वासको साथ विदा माग्दछु।

**धन्यवाद।**